जिल्ला विकास समितिको एउटै चाहाना ।

सून्दर,समून्त र समतामूलक चितवनको स्थापना ।

नेपाल सरकार

## संघीय मामिला तथा स्थनीय बिकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय, चितवन

## न्यूनतम शर्त (ःऋ)

आर्थिक बर्ष २०७१/०७२

# लैङ्गिक तथा सामाजिक समावेशी वजेट परीक्षण प्रतिवेदन

२१, २२ २३ जेष्ठ २०७२

सहजकर्ता

**शान्ता बराल**

इमेल : shanta_baral@yahoo.com

फोन ९८५५०६८२७४

# विषय सुचि


| | पेज न |
|---|---|
| १.परिचयः- | १ |
| २.लैङ्गिकवजेट परिक्षणको उद्धेश्य : | २ |
| ३.लैङ्गिक वजेट परिक्षण विधि | २ |
| ४ वजेट विश्लेषण | ३ |
| ५.लैंगिक बजेट परिक्षणका सूचक तथा उपसुचकहरुमा प्राप्तंक सहित : | ८ |
| ६.माकुरी जालो(लैउ तथा सास वजेट परिक्षण वाट प्राप्तंक सहित) | १४ |
| ७.सवल पक्ष र सुधार गर्नु पर्ने पक्षहरु | १४ |
| ८.कार्ययोजना | १८ |
| अनूसुचि १ | |
| अनूसुचि २ | |
| अनूसूचि ३ | |

## १.परिचयः-

` महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना गर्ने' प्रावधान छ । साथै राज्य संरचनाका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, पिछडावर्ग, मजदूर, किसान अपाङ्गता भएका व्यक्ति, पिछडिएको समुदाय तथा क्षेत्र सबैलाई समानुपातिक समावेशीका आधारमा सहभागी गराउने व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ मा  समेत सम्बोधन गरेको छ । यसैगरी त्रिवर्षीय योजना नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्यहरु र विभिन्न कानूनी दस्तावेजहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई सम्बोधन गर्दै राष्ट्रिय प्राथमिकता दिईएको छ ।

हाम्रो देशनेपालवहुजातिय, वहुधार्मिक एवम् वहुसांस्कृतिक विभिधता भए पनि एकता को देश हो। प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक, सन्तुलित र न्यायसंगत प्रगति हुन सके मात्रै मुलुकमा दिगो शान्ति र उन्नतिको  प्रत्याभूती गर्न सकिन्छ। सामाजिक न्यायको दृष्टिकोणले लैङ्गिक समता/समानता तथा सामाजिक समावेशिकरण आजको जल्दोवल्दो विषय हो । लैङ्गिक सामानता तथा सामाजिक समावेशिकरणको मुद्धालाई सम्वोधन नगरिएको विकास अपूर्ण हुन्छ भन्ने तथ्य सावित भैसकेको अवस्था छ । भौगोलिक विकटता, अपाङ्गता, जातजाति, बालबालिका तथा वृद्धवृद्धा भएको र त्यस भित्र पनि महिला नै भएको कारण विकासको मुलधारवाट बाहिर परेका वा पारिएकाहरुको वास्तविक अवस्था र आवस्यकताको पहिचान गरि उनीहरुलाई विकासको मुलधारमा ल्याउनु आजको आवस्यकता हो ।

तेसैले समाजमा बिधमान लैङ्गिक, जातिय असमानता,बिभेदयुक्त व्यवहार र मान्तयता, महिला हिंसा, महिला शोषण  महिला वेचविखन तथा उत्पीडन गरिवी आदि जस्ता बिसंगतिहरुलाई निरुत्साहित गर्न नेपाल सरकार द्वारा राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त विभिन्न प्रतिबद्धताहरुलाई कार्यान्वयन गर्ने प्रयासलाई निरन्तरता दिदै सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको सहयोग परिचालन गरि उल्लेख्य कार्यहरु भएका छन्।

महिला, वालवालिका, पछाडि परेका वर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याई समावेशी विकास गर्न संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय तथा त्यस अन्तर्गतजिल्ला विकास समिति, चितवनले विगतका वर्षहरु देखि स्थानिय स्तरमा तयार भई कार्यन्वयनमा आएका नीति, कार्यक्रम तथा वजेटलाई निकै नै लैङ्गिक संवेदनशिल तथा समावेशी बनाउन प्रयास गरिरहेको छ। जि.वि.स. चितवन संग सहकार्य गर्ने विभिन्न संघसंस्थाहरु, यसका साझेदारहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु तथा गा.वि.स. हरु द्वारा संचालन भएका कार्यक्रमहरु लैंगिक संवेदनशील तथा समावेशी हुनु पर्दछ भनि निदृष्ट लक्ष्य अनुसार आवश्यक समन्वय तथा निर्देशन दिदै आएको छ।यसै सन्दर्भमा जिल्ला विकास समिति,चितवनले विगत आ.व २०७१/०७२ मा संचालित विभिन्न क्रियाकलापहरु लैङ्गिक हिसाबले के कस्ता थिए र उक्त कार्यहरुवाट विशेष गरि महिला वर्ग कति लाभान्वित हुन सके र उक्त कार्यक्रम संचनलन गर्न के कति रकम विनियोन तथा खर्च भए विस्तृत रुपमा संस्थागत विश्लेषण तथा उक्त विश्लेषणको आधारमा आगामी दिनमा आवस्यकतामा आधारित रहि कार्यक्रमहरु तय गर्न जि.वि.स., चितवनले मीति २०७२ साल जेष्ठ २१,२२,२३  गते सस्थाको लैङ्गिक वजेट परिक्षण सम्पन्न गरेको छ।

## २ लैङ्गिकवजेट परिक्षणको उद्धेश्य :

- जि.वि.स. को आवधिक र वार्षिक योजनामा लैंगिक मूलप्रवाहीकरणलाई संस्थागत गर्ने ।
- लैङ्गिक समता/समानता र समावेशीकरणको लक्ष्यलाई जि.वि.स. को संरचना र कार्य योजनामा स्थान दिने ।
- जि.वि.स. को श्रोत परिचालन, वजेटविनियोजन तथा खर्चलाई लैङ्गिक दृष्टिले अनुगमन तथा मुल्यांकन गर्ने ।
- सरकारी तथा अन्य सरोकारवाला सस्थाहरुलाई लैङ्गिक संवेदनशील उत्तरदायी तथा जवाफदेही हुन अभिप्रेरित गर्ने
- लैङ्गिक मूलप्रवाहीकरणका नीति, कार्यक्रम तथा विभिन्न प्रतिवद्धताहरुलाई लैंगिक परिक्षणद्धारा अनुगमन तथा मुल्यांकन गर्दै समावेशी विकासमा टेवा पुऱ्याउने ।

## ३. लैङ्गिकवजेट परिक्षण विधि

लैङ्गिक सवेदनशील वजेट परिक्षण जि.वि.स. को सहयोग तथा सक्रिय सहभागिता र शान्ति निमार्ण र विकासका लागि प्रा.ली र स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रमको  समन्वय सहकार्यमा  सम्पन्न भएको हो। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६९ अनुसार नै जि.वि.स. का स्थाानिय विकास अधिकारी,राजनितिक दलका प्रतिनिधि, सामाजिक विकास इकाईको प्रमुख,सूचना शाखा प्रमूख,योजना शाखा प्रमूख लेखा शाखा,आलेप, तथा जिविसमा रहेको विभिन्न समिति का पदाधिकारी, कर्मचारि र जिल्ला स्तरिय महिला समन्वय समितिका पदाधिकारीहरुको सम्लग्नता र सहयोगमा लैङ्गिक संवेदनशील वजेट परिक्षण सम्पन्न भएको छ। ।

लैङ्गिक तथा सामाजिक समावेशि वजेट परिक्षण गर्न तल उल्लेखित विधिहरु प्रयोग गरिएको थियो ।

- लैङ्गिक  समतातथासामाजिक समावेशि सम्बन्धि र लैंगिक उत्तरदायी तथा समाजिक समावेशि बजेट परिक्षण वारे २ दिने अभिमूखिकरण यस अभिमूखिकरण मा विषय गत कार्यलयका प्रतिनिधिहरुको समेत सहभागिता रहेको थियो ।
- जि.वि.स. को नीति कार्यक्रम तथा वजेट, सम्बन्धित अभिलेखहरु संकलन तथा अध्ययन तथा  विश्लेषण
- अध्ययनको आधारमा विद्यमान अभिलेखहरुमा उल्लेखित महिला केन्द्रित कार्यक्रम तथा वजेटको विश्लेषण र छलफल
- महिला सरोकारका क्षेत्र अनुसार लैंगिक मुलप्रवाहीकरण वजेट विनियोजनको अवस्थाको लिखित दस्तावेज तयारी र विश्लेषण को लागि जिविस का योजना अधिकृत रामकाजी श्रेष्ठको संयोजकत्वम  जिविस का विभिन्न  शाखाप्रमूख र राजनैतिक दलका प्रतिनिधि सहितको सहभागितामा समिति निर्माण गरियो ।
- संस्थागत लेखाजोखाको लागि प्रयोग गरिने विधिमा जि.वि.स. को नीतिमा लैससास,लैससास मुल प्रवाहिकरण , लक्षित कार्यक्रम, योजना तर्जुमा, कार्यान्वयन अनुगमन र मुल्यांकलन, आन्तिरिक संरचना, सुशासन मानव संसाधान र सम्वन्ध विस्तार र नीति र प्रतिवद्धता गरि प्रमुख आठवटा मूख्य शीर्षकहरु भित्र तीन तीन वटा उपशीर्षकहरुमा छलफल
- प्रत्येक उपशिर्षक भित्रका प्रश्नावलिमा जिविसका  पदाधिकारीहरु, कर्मचारीहरु र महिला समन्वय समितिका तथा अन्य समितिका  पदाधिकारीहरु,र राजनैतिक दलका प्रतिनिधि बिच छलफल र निष्कर्ष पछि पाएको अंक प्रदान ।
- प्राप्त अंकको आधारमा जिविसको वर्तमान अवस्था माकुरे जालोमा चित्रण र सामुहिक महसशुकिरण ।

- प्राप्तांक र चित्र छलफलको आधारमा जिविस चितवनको लैंगिक संवेदनशिलता र महिला शसक्तिकरणमा सवल पक्ष र सुधार गर्नुपर्ने पक्षहरुमा छलफल र पहिचान ।
- सिकाइका आधारमा पहिचान भएका सुधार गर्नुपर्ने पक्षलाईसम्वोधन गर्ने कार्ययोजना तयारी गरियो ।

## ४ वजेट विश्लेषण

सरोकारका क्षेत्र तथा कार्यक्रम अनुसार लैङ्गिक मुलप्रवाहिकरण (जि वि स तथा महिला जिल्ला समन्वय समिति) वजेट विनियोजन तथा खर्चको अवस्था, जि वि स चितवन आ.व २०७१/ ७२ को वजेटको आधारमा विश्लेषण गरिएको छ ।

आ.व. २०७१/ २०७२ मा लक्षित वर्गका लागि बिनियोजित बजेट तथा खर्च विवरण

| लक्षित वर्ग सम्वद्ध कार्यक्रम, बजेट, खर्च र प्रगति | | | | | |
|---|---|---|---|---|---|
| आर्थिक बर्ष २०७१□०७२ | | | | | |
| आदिवासी□जनजाति | | | | | |
| कार्यक्रम | बजेट | खर्च मिति | खर्च | मौज्दात | लाभान्वित संख्या |
| लोकसेवा आयोग पूर्व तयारी कक्षा संचालन | २००००० | २०७१।९।२९ | २००००० | ० | |
| धर्म, संस्कृति, पर्व संरक्षण तथा सम्वर्द्धन सहयोग | १७५००० | २०७१।५।१२ | १०००० | | |
| | | २०७१।६।५ | २०००० | | |
| | | २०७१।६।१२ | २५००० | | |
| | | २०७१।६।१२ | २०००० | | |
| | | | **७५०००** | **१०००००** | |
| सीपमूलक, आयमूलक, रोजगारीमूलक तालिम संचालन ( सम्झौता बमोजिम प्रतिव्यक्ति रु. ६,५००।०० को दरले ३४ जनाको जम्मा रु. २,२१,०००।०० मात्र) | २२५००० | | | २२५००० | ३४ |
| पत्रकारीता तालिम संचालन | ५०००० | २०७२।२।२२ | १५००० | ३५००० | ३० |
| नेतृत्व विकास तालिम | १००००० | | | १००००० | ३० |
| गाविसस्तर क्षमता विकास सम्वन्धी कार्यक्रम | २५०००० | | | २५०००० | |
| मातृभाषा सम्वन्धी तालिम संचालन | ५०००० | २०७२।१।१० | १५००० | ३५००० | |
| | | २०७२।२।१४ | ३५००० | ० | |
| बैठक, अनुगमन | १००००० | २०७१।९।१६ | १३००० | | |
| | | २०७१।१०।१२ | १२००० | | |
| | | २०७१।१०।२७ | | | |
| | | २०७१।११।१५ | १३००० | | |
| | | २०७१।१२।९ | १६५० | | |
| | | | **३९६५०** | **६०३५०** | |
| **जम्मा** | **११५००००** | | **३२९६५०** | **८०५३५०** | |

| दलित वर्ग | | | | | |
|---|---|---|---|---|---|
| कार्यक्रम | बजेट | खर्च मिति | खर्च | मौज्दात | लाभान्वित संख्या |
| लोकसेवा पूर्व तयारी कक्षा संचालन | १००००० | २०७१।९।२९ | १००००० | ० | १६ |
| नौमती बाजा तालिम | ५०००० | २०७१।१२।८ | ५०००० | ० | १५ |
| दलित छात्राबास पूर्णता | ३००००० | २०७२।२।१४ | ३००००० | ० | ३० |
| जातीय विभेद उन्मुलन दिवस | ५०००० | २०७१।१२।२९ | २५००० | २५००० | |
| मिडिया साझेदारी कार्यक्रम | ५०००० | २०७१।१२।१० | ५०००० | ० | समूदाय |
| बैठक, अनुगमन तथा व्यवस्थापन | १००००० | २०७१।९।१६ | | | |
| | | २०७१।१०।१२ | १३००० | | |
| | | २०७१।१०।२७ | | | |
| | | २०७१।१०।२७ | ५१५० | | |
| | | २०७१।११।१५ | १२००० | | |
| | | | ३०१५० | ६९८५० | |
| **क) जिविस अनुदान (पूंजिगत) को जम्मा** | **६५००००** | | **५५५१५०** | **९४८५०** | |
| <u>आयमुलक सीपमुलक कार्यक्रम</u> | | | | | |
| ड्राइभिङ तालिम (सम्झौता बमोजिम प्रतिव्यक्ति रु. ६,५००।०० को दरले १६ जनाको जम्मा रु. १,०४,०००।०० मात्र) | ११०००० | | | ११०००० | |
| <u>अन्य कार्यक्रम</u> | | | | | |
| टपरी बनाउने तालिम | ६०००० | २०७२।१।२३ | १८००० | ४२००० | |
| कूशन बनाउने तालिम | ५०००० | २०७२।१।२३ | १५००० | ३५००० | |
| क्षमता विकास तालिम | १३०००० | | | १३०००० | |
| एसएलसीमा उत्कृष्ट अंक ल्याई समूतीर्ण हूने दलित विद्यार्थीहरुका लागि प्रोत्साहन कार्यक्रम | ५०००० | | | ५०००० | |
| **ख) केन्द्रीय अनूदानको जम्मा** | ४००००० | | ३३००० | ३६७००० | |
| **क) र ख) दूवैको जम्मा** | १०५०००० | | ५८८१५० | ४६१८५० | |

| अपा□ वर्ग | | | | | |
|---|---|---|---|---|---|
| **कार्यक्रम** | **बिनियोजित रकम** | **खर्च मिति** | **खर्च रकम** | **लाभान्वित जनसंख्या** | **मौज्दात** |
| अपांग पुनर्स्थापना केन्द्र भवन निर्माण सहयोग | १५०००० | | | | |
| शारीरिक अपाङगका लागि | ५०००० | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| सिलाई कटाई तालिम | | | | | |
| बहिराका लागि सांकेतिक भाषा | ६०००० | २०७१।१२।१९ | ३०००० | | ३०००० |
| बौद्धिक अपांग छात्रबृत्ति र सचेतना कार्यक्रम | ५०००० | २०७२।१।१० | १५००० | | ३५००० |
| अन्तर्राष्ट्रिय अपांग दिवस | १०००० | २०७१।८।२१ | १०००० | | ३०००० |
| बैठक, अनुगमन तथा व्यवस्थापन | ४०००० | २०७१।९।१६ | | | |
| | | २०७१।१०।१२ | १७००० | | २३००० |
| | | २०७१।१०।२७ | | | २३००० |
| | | २०७१।११।१५ | १०००० | | १३००० |
| **जम्मा प्रस्तावित** | **३६००००** | | **७२०००** | | **२८८०००** |

| महिला | | | | |
|---|---|---|---|---|
| कार्यक्रम | बिनियोजित रकम | खर्च मिति | खर्च रकम | मौज्दात |
| असहाय महिला तथा बालबालिका पुनस्थापना केन्द्र भवन निर्माण | ६००००० | | | |
| असहाय महिला तथा बालबालिका पुनस्थापना केन्द्रको तालिम कक्ष व्यवस्थापन | २००००० | | | |
| महिला विकास योजना प्रकाशन | ८०००० | | | |
| लैङगीक हिंसामुक्त गाविस स्थापना सहयोग कार्यक्रम | ५०००० | २०७२।२।२१ | ५०००० | ० |
| अन्तर्राष्ट्रिय नारी दिवस | ६०००० | २०७१।९।७ | ३०००० | ३०००० |
| | | २०७१।९।२४ | २८२५० | |
| | | २०७२।२।८ | १००० | (१००० |
| लैङगीक बजेट लेखाजोखा | १००००० | | | |
| १६ गाविसमा महिला विकास सम्बन्धी अन्तरक्रिया कार्यक्रम | ३६२००० | २०७२।१।७ | ३६२००० | ० |
| बैठक, अनुगमन तथा व्यवस्थावन | १४०००० | २०७१।९।१६ | | |
| | | २०७१।१०।१२ | १३००० | १२७००० |
| | | २०७१।१०।२७ | | १२७००० |
| | | २०७१।११।१५ | १४००० | ११३००० |
| **जम्मा** | **१५९२०००** | | **४७१२५०** | |

## आर्थिक बर्ष २०७१□०७२

## पिछडिएको समुदाय

| कार्यक्रम | बिनियोजित रकम | खर्च मिति | खर्च विवरण | खर्च रकम | लाभान्वित जनसंख्या | मौज्दात | प्रगति % |
|---|---|---|---|---|---|---|---|
| | १९०००० | | | | | | |
| | | | | | | | |
| **जम्मा** | **१९००००** | | | | | | |

| संसोधित | | | | | | |
|---|---|---|---|---|---|---|
| **कार्यक्रम** | **बिनियोजित रकम** | **खर्च मिति** | **खर्च विवरण** | **खर्च रकम** | **मौज्दात** | |
| स्थानीय निकायमा योजना तर्जूमा सम्वन्धी सचेतना कार्यक्रम (२ स्थानमा) | ९०००० | | | | | |
| बैठक तथा प्रशासनिक खर्च | १०००० | | | | | |
| **जम्मा** | **१०००००** | | | | | |

| सवै प्रकारका बालबालिका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कार्यक्रम | बजेट | युनिसेफ सहयोग | जम्मा | खर्च मिति | खर्च | मौज्दात | लाभान्वित संख्या |
| **१) स्थानीय बालमैत्री शासन** | | | | | | | |
| जिविस, गाविस सचिव, गैसस प्रतिनिधिहरु र सामाजिक परिचालकहरुका लागि ५ दिने स्थानीय वालमैत्री शासन सम्वन्धी आवाशीय प्रशिक्षण ( यूनिसेफ नेपालको रु. ५,९५४४०।०० समेत) | २३३७६० | ५९५४४० | ८२९२०० | २०७१।१०।२५ | १२५००० | ७०४२०० | |
| | | | | २०७१।११।१९ | ७०४२०० | ० | |
| **जम्मा** | **२३३७६०** | **५९५४४०** | **८२९२००** | | **२३३७६०** | **५९५४४०** | |
| पुर्ण खोप र भिटामिन ए क्याप्सूल सम्वन्धी जनचेतनामुलक क्रियाकलाप | ५०००० | | | २०७२।२।२१ | | ५०००० | |
| कूपोषित बालबालिकाका लागि पोषण सम्वन्धी खाद्यान्न र अन्य सहयोग | ५०००० | | | २०७१।७।२१ | १५००० | ३५००० | |
| **जम्मा** | **१०००००** | | | | **१५०००** | **८५०००** | |
| महिला तथा बालबालिका परामर्श सेवा केन्द्र सहयोग | १००००० | | | २०७१।१२।६ | १००००० | ० | |
| प्रारम्भिक बालविकास केन्द्रको मर्मत सम्भार | १५०००० | | | २०७२।१।२८ | ५५००० | ९५००० | |
| | | | | | ८०००० | १५००० | |
| शिक्षण र खेलकुद सामग्री सहयोग | १५०००० | | | २०७२।१।६ | २०००० | १३०००० | |
| **जम्मा** | **४०००००** | | | | **२५५०००** | **२४००००** | |
| प्रवेशिका परीक्षामा सामूदायिक विद्यालयबाट उत्कृष्ट अंक ल्याउने ११ जना छात्र छात्रालाई कदर तथा सम्मान | ३०००० | | | | | ३०००० | |
| बालमैत्री गाविस निर्माण सहयोग कार्यक्रम | ४००००० | | | | | ४००००० | |
| बालसञ्जाल गठन र परिचालन | ५०००० | | | | | ५०००० | |
| जिल्लास्तरीय बाल सञ्जालका लागि क्षमता अभिवृद्धिका लागि २ दिने तालिम | ८०००० | | | | | ८०००० | |
| **जम्मा** | **५६००००** | | | | **०** | **५६००००** | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **५) राष्ट्रिय/अन्तरराष्ट्रिय दिवस, उत्सवहरु** | ५२००० | | | | | | |
| बालदिवस (भाद्र २९ (१४ नोभेम्वर), अन्तरराष्ट्रिय बालअधिकार दिवस (२० नोभेम्वर), बालश्रमबिरुद्धको बिश्व दिवस (१२ जुन), बालिका दिवस (११ अक्टोवर), | | | | २०७१।९।१४ | ४९९० | | |
| | | | | २०७१।१०।२५ | ५००० | | |
| | | | | २०७१।११।१९ | ३००० | | |
| | | | | २०७१।१२।२९ | ९८५० | | |
| **जम्मा** | **५२०००** | | | | **२२८४०** | **२९१६०** | |
| **६) वालगृह पूर्वाधार निर्माण सहयोग** | १००००० | | | | | १००००० | |
| **जम्मा** | **१०००००** | | | | **०** | **१०००००** | |
| **७) बालगृहहरुको अनूगमन** | १४६२४० | | | २०७१।११।१५ | १७००० | | |
| | | | | २०७२।१।७ | ५८५०० | | |
| **जम्मा** | **१४६२४०** | | | | **७५५००** | **७०७४०** | |
| **जम्मा** | **१५९२०००** | **५९५४४०** | **८२९२००** | | **६०२१००** | **१०८४९००** | |

## ५. लैंगिक बजेट परिक्षणका सूचक तथा उपसुचकहरुमा प्राप्तंक सहित :

| क स | सुचक | कुल अंक | प्राप्तांक |
|---|---|---|---|
| १ | स्थानिय निकाएको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास | १२ | ८.५ |
| २ | स्थानिय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायि तथा समाजिक समावेसी कार्यक्रमको मुल प्रवाहिकरण | १२ | ८.५ |
| ३ | लक्षित कार्यक्रम | १२ | ९ |
| ४ | लैङ्गिक तथा सामाजिक समावेशी विकास योजना तर्जूमा, कार्यान्वयन, अनुगमन र मुल्यांकन | १२ | ७ |
| ५ | आन्तरिक संरचना | १२ | ८ |
| ६ | सुशासन | १२ | ९ |
| ७ | मानव संसाधन सम्वन्ध र विस्तार | १२ | ६ |
| ८ | नेपाल सरकारका लैङ्गिक तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता | १२ | ७.५ |

| क स | सुचक तथा उपसुचकहरु | अंक | प्राप्तंक |
|---|---|---|---|
| १ | स्थानिय निकाएको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास | १२ | ८.५ |
| १.१ | स्थानिय निकायको नीति र योजनामा लैङ्गिक तथा सामजिक समावेशी विकास (आवधिक र वार्षिक योजनामा) | ४ | २.५ |
| क | स्थानिय निकायको नीतिमा महिला र पुरुषको तथा समविकास तथा सामाजिक समावेसिकरण सम्वन्धि स्पष्ट दीर्घकालिन सोच वा परिकल्पना छ /छैन | ०-१ | १ |
| ख | स्थानिय निकायको उद्देश्यले महिला र पूरुष बीच समानता र सामाजिक समावेसीकरणका करालाई समेटेको छ /छैन | ०-१ | ०.५ |
| ग | मीहला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेसीकरण बढाउनको लागि सस्थाको निीश्चत कार्यनीति छ / छैन | ०-१ | ०.५ |
| घ | महिला र पुरुषबीचको असमानता हटाउन सस्थाको निीश्चत रणनीति छ /छैन | ०-१ | ०.५ |
| १.२ | महिला पुरुष समविकास | ४ | ३.५ |
| क | स्थानिय निकायमा पदाधिकारी र कर्मचारिको पदपुर्ति गर्दा सवै जातजाति , वर्ग र समुदायका बिच सामाजिक समावेसीकरण हुने गरि कर्मचारि र पदाधिकारीको प्रतिनिधित्व हुन सक्ने रणनीति लिएको छ /छैन | ०-१ | १ |
| ख | स्थानिय निकायमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ / छैन( लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति ) | ०-१ | १ |
| ग | स्थानिय निकायको निर्णायक तहमा (कर्मचारि/ पदाधिकारी)महिलाहरुको समान (५० र ५० ) प्रतिनीधित्व रहेको छ / छैन | ०-१ | ०.५ |
| घ | महिला र पूरुष कर्मचारिहरुको संख्यामा समानता छ /छैन । (स्थानिय निकायले नियुक्ति गर्नेको हकमा मात्रलागू हुने) | ०-१ | १ |
| १.३ | लैङ्गिक संवेदनशिल कार्य प्रणाली | ४ | २.५ |
| क | महिला कर्मचारिहरुको गर्भावस्था बच्चालाई स्तनपान सम्वन्धि सम्वेदनशिलतालाई ध्यान गरिएको छ / छैन | ०-१ | १ |
| ख | महिला पुरुषको लागि अलग्गै सौचालयको व्यवस्था छ / छैन | ०-१ | १ |
| ग | कार्यालयमा हुन सक्ने महिला हिंसा नियन्त्रणको लागि आचार सहिंता वनाएर लागू गरिएको छ / छैन | ०-१ | ० |
| घ | माथि हिंसा भएमा तत्काल सुनुवाईको व्यवस्था छ / छैन | ०-१ | ०.५ |
| २ | स्थानिय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायि तथा समिजक समावेसी कार्यक्रमको मुल प्रवाहिकरण | १२ | ८.५ |
| २.१ | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास वजेट | ४ | २.५ |
| क | स्थानिय निकायका पदाधिकारी/ कर्मचारिहरुले लैङ्गिक तथा समावेशी विकास सम्वन्धि तालिम लिएका छन् कि छैनन् | ०-१ | १ |
| ख | तलिम, अनुशिक्षण, गोष्ठि सन्चालन गर्न गत वर्ष प्रयाप्त रकमको व्यवस्था थियो वा थिएन( प्रयाप्त रकम भन्नाले सवै पदाधिकारी, कर्मचारि गा.वि.स सचिव र सामाजिक परिचालकहरुसम्मलाई तालिम दिन आवस्यक पर्ने रकम) | ०-१ | ०.५ |
| ग | त्यो तालिममा महिला र पुरुषको समान सहभागिताको सुनिश्चितता गरेको थियो वा थिएन | ०-१ | ०.५ |
| घ | तलिममका विषयवस्तुको प्रस्तुतीकरणमा लैङ्गिक सम्वेनशिल भाषाको प्रयोग र महिला आवस्यकता समेटिएको र तालिमको गुणस्तर सेवा सुविधा सम्वन्धमा पृष्ठपोषण लिने गरिएको छ ? | ०-१ | ०.५ |
| २.२ | क्षमता विकास कार्यक्रममा महिला पुरुष सहभागिता | ४ | ३ |
| क | उपभोक्ताहरुको समितिमा ३३ प्रतिशत महिलाहरुको सहभागिता छ | ०-१ | १ |
| ख | उपभोक्ता समितिका महिला तथा लक्षित समुहका पदाधिकारीहरुलाई तालिमको व्यवस्था छ ? छ भने सो को लागि वजेटको व्यवस्था गरेको छ ? | ०-१ | १ |
| ग | क्षमता विकास कार्यक्रम र बजेटको बाँडफाँड तथा प्राथामिकिरण र स्थान छनौटका लागि छलफल गर्ने प्रकृयामा महिला र पुरुष सरोकारवालाहरुलाई समान रुपमा सहभागि गराईन्छ ? ( गा.वि.स स्तरमा) | ०-१ | ०.५ |
| घ | महिला तथा लक्षित समुहका पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लगि निर्दिष्ट कार्यक्रमहरु( प्राविधक तालिमहरु, क्षमता विकास तालिम, भ्रमण) छन्? सो अनुसारको वजेट विनियोजन गरिएको छ ? | ०-१ | ०.५ |
| २.३ | स्थानिय निकायको क्षमता विकास कार्ययोजना | ४ | ३ |

| | | | |
|---|---|---|---|
| क | स्थानिय निकायको क्षमता विकास कार्ययोजना तयार गरेको छ | ०-१ | १ |
| ख | के स्थानिय निकायको क्षमता विकास योजनामा लैङ्गिक समानता था सामाजिक समावेसिकरण कार्यान्वयन समितिका पदाधिकारी , महिला समन्वय समिति एव्म लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरुको क्षमता विकासको व्यवस्था गरेको छ ? | ०-१ | ०.५ |
| ग | के स्थानिय निकायका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी वजेट निर्माण एव्म परिक्षण नियमित रुपमा गर्न वजेटको व्यवस्था गरेको छ ? | ०-१ | १ |
| घ | उक्त परिक्षण पश्चात लैङ्गिक तथा समावेशि विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजनाका लागि पर्याप्त वजेटको व्यवस्था गरेको छ | ०-१ | ०.५ |
| ३ | लक्षित कार्यक्रम | १२ | ९ |
| ३.१ | कार्यक्रम तर्जूमा गर्दा लक्षित समुहको सहभागिता | ४ | २.५ |
| क | के स्थानिय निकायले आफ्नो क्षेत्रका समुदाय स्तरका आधारभूत सुचना/ तथ्यांकसंकलन गर्ने गरेको छ ?( महिला, पूरुष बालालिका सवै जातजातिका विपन्न वर्गहरु, जेष्ठ नागरिक, दलित आदिवासि , जनजाति अपांगता भएका व्यक्तिहरु, मधेशी मुश्लिम तथा पिछडा वर्ग लगाएत नेपाल सरकारले लक्षित समुह भनि तोकेका अन्य वर्ग एवम् समुदायका महिला र पूरुष | ०-१ | ०.५ |
| ख | के कार्यक्रम तर्जूमा गर्नू भन्दा अघि महिला, पूरुष बालालिका सवै जातजातिका विपन्न वर्गहरु, जेष्ठ नागरिक, दलित आदिवासि , जनजाति अपांगता भएका व्यक्तिहरु, मधेशी मुश्लिम तथा पिछडा वर्ग समुह हरु संग वसेर समस्या केलाउने -विश्लेषण गर्ने गरिन्छ? विपन्नता स्तरिकण भएको छ | ०-१ | ०.५ |
| ग | के स्थानिय निकायको योजना लक्षित समुहले तयार गरेको कार्यक्रमममा आधारित हुन्छ ? | ०-१ | ०.५ |
| घ | के स्थानिय निकायको योजनामा लक्षित समुहहरुको लागि छुट्टयाइएको न्युनतमा वजेट ( १० प्रतिशत महिला, १० प्रतिशत बालबालिका, १५ प्रतिशत सामाजिक वन्चितिकरणमा परेको वर्ग ) विनियोजन गरि उनीहरुको हितको लागि कार्यक्रम तर्जूमा गरी समयमै वजेट खर्च गरिएको छ | ०-१ | १ |
| ३.२ | महिला उत्थानका लागि कार्यक्रमहरु | ४ | ३ |
| क | महिलाहरुको स्वास्थ्य सुधार सम्वन्धि विशेष कार्यक्रहरु सन्चालित भएका छन् ?(जस्तो सुत्केरी हुँदाको अवस्था सुधार गर्न किशोरीहरुको लागि प्रजजन र यौन शिक्षा आदान प्रदान गर्न, एच आइ भि एड्स, स्तन क्यान्सर , पाठेघर क्यान्सर र आङ खस्ने अवस्था सुधार गर्न, स्वास्थ्य सिविरहरु राख्ने | ०-१ | १ |
| ख | महिलाहरुको लागि शिक्षा सम्वीन्ध विशेष कार्यक्रम सन्चालित भएका छन् ? ( जस्तोः अभिभावक शिक्षा, प्रौढ तथा किसोरी कक्षाहरु, साथी शिक्षा, कार्यमुलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा आदि | ०-१ | ०.५ |
| ग | महिलाहरुको लागि कानुनी शिक्षा सम्वीन्ध विशेष कार्यक्रम सन्चालित भएका छन् ?जस्तोः कानुनी हक अधिकार,एकल महिला, पारालिगल समिति गठन, मानव बेचबिखन विरुद्ध कार्यक्रम तथा अनुशिक्षण गर्न | ०-१ | १ |
| घ | महिलाहरुको लागि कानुनी शिक्षा सम्वीन्ध कार्यक्रम सन्चालन वाट को लाभान्वीत भएका छन् ?जस्तोः कानुनी हक अधिकार,एकल महिला, पारालिगल समिति गठन, चेलिवेटी बेचबिखन विरुद्ध कार्यक्रम तथा अनुशिक्षण गर्न | ०-१ | ०.५ |
| ३.३ | स्थानिय स्वायत्त शासन एनमा भएका प्रवधान अनुसारका कार्यक्रमहरु | ४ | ३.५ |
| क | स्थानिय निकायको योजना तर्जूमा गर्दा लक्षित समुहरुको सक्रिय सहभागितामा हुने गरेको छ | ०-१ | १ |
| ख | स्थानिय निकायको योजना तर्जूमा गर्दा महिलालाई प्रतक्ष्य लाभ हुने र महिलाको लागि स्वरोजगारमुलक, आय मुलक र सीप मुलक कार्यक्रमहरु राख्ने गरिएको छ | ०-१ | १ |
| ग | परिवार नियोजन, मातृशिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा, जनस्वास्थ्य सम्वन्धि कार्यक्रहरुको तर्जूमा र कार्यान्यन गर्ने गराउने गरिएको छ | ०-१ | १ |
| घ | स्थानिय निकायको योजना कार्यान्वयन वाट महिला र अन्य लक्षित समुहहरु लाभान्वित भएका छन् ? | ०-१ | ०.५ |
| ४ | लैङ्गिक तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकन | १२ | ७ |
| ४.१ | योजना तर्जूमामा लैङ्गिक तथा सामाजिक समावेशी विकास | ४ | २ |
| क | के स्थानिय निकायले आफ्नो क्षेत्रका समुदाय स्तरका अधारभुत सुचना/ तथ्यांक संकलन | ०-१ | ०.५ |

| | | | |
|---|---|---|---|
| | गर्ने गरेको छ ? के स्थानिय निकायले खण्डिकृत ( लैङ्गिक तथा सामाजिक) तथ्यांकको समय समयमा अध्यावधिक गर्ने गरेको छ ? | | |
| ख | के योजना तर्जूमा गर्दा महिला र पूरुष एवम् लक्षित समुहहरुको छुट्टा छुट्टै अवस्था विश्लेषण र आवस्यकता पहिचान गर्ने गरिएको छ ? सो अनुसारको कार्यक्रम तयार गर्ने गरिएको छ ? | ०-१ | ०.५ |
| ग | के स्थानिय निकायले योजना तर्जूमा गर्दा लैङ्गिक उत्तरदायी र सामाजिक समावेशी वजेट तर्जूमा प्रकृया अवलम्वन गरि कार्ययोजना तयार पार्ने गरिन्छ ?योजनाको प्राथमिकिकरणको लागि लैससास उत्तरदायि वजेट तर्जूमा औजार प्रयोग गरेको छ ? | ०-१ | ०.५ |
| घ | के गत वर्षको वार्षिक योजना अनुसार लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजनाका सवै क्रियाकलापहरु सम्पन्न भए? | ०-१ | ०.५ |
| ४.२ | योजना कार्यान्वनमा लैङ्गिक तथा सामाजिक समावेशी विकास | ४ | ३ |
| क | के कार्यक्रम तथा परियोजना कार्यन्वयन गर्दा सम्वन्धित समुदायका महिला तथा पूरुष वर्गहरुको सक्रिय सहभागितामा गर्ने गरिएको छ ? | ०-१ | १ |
| ख | के कार्यक्रम तथा परियोजना कार्यन्वयनवाट सम्वन्धित समुदायको महिला तथा पूरुषले पूरा लाभ लिन सकेको छ ? | ०-१ | ०.५ |
| ग | उपभोक्ता समितिले गर्ने कार्यहरुमा महिला तथा लक्षित समुहको सहभागिता छ? साथै उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषध्यक्ष मध्य कम्तिमा एक जना महिला पदाधिकारी रहेको छ ?लाभान्वित समुहमा दलित, आदिवासी , जनजाती, पिछडिएका समुदाय तथा वर्ग मधेशी मुश्लिम आदिको उपर्शिथति रहेको अवस्थामा तीनिहरुको समेत प्रतिनीधित्व रहेको छ ? | ०-१ | १ |
| घ | के स्थानिय निकायले आफ्नो सम्पूर्ण कार्यक्रममा लैङ्गिक उत्तरदायि तथा सामाजिक समावेशी गरी कार्यक्रम कार्यान्वयन गने गरेको छ ? | ०-१ | ०.५ |
| ४.३ | अनुगमन र मुल्यांकन | ४ | २ |
| क | के स्थानिय निकायको सुपरिवेक्षण तथा अनूगमन समितिमा महिलाको सहभागिता कम्तिमा ३३ प्रतिशत छ? | ०-१ | ०.५ |
| ख | के स्थानिय निकायमा अनुगमन मुल्यांकन गर्दा लैङ्गिक विकासका कार्यक्रमहरुको सन्चालन वाट महिला र पूरुष तथा विभिन्न जातजातिलाई पूगेको लाभ, असर र प्रभावको विश्लेषण गर्ने गरिन्छ ? | ०-१ | ०.५ |
| ग | के स्थानिय निकायमा  लैङ्गिक विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धती छ ? | ०-१ | ०.५ |
| घ | के अनुगमन तथा मुल्यांक वाट सिकेका पाठहरुकार्यक्रम वा योजना तयार गर्दा समावेस गर्ने गरिन्छ ? | ०-१ | ०.५ |
| ५ | आन्तरिक संरचना | १२ | ८ |
| ५.१ | स्थानिय निकायमा महिला तथा लक्षित समुहको सहभागिता | ४ | ३.५ |
| क | आदिवासी जनजाती र दलित वर्ग उत्थानको लागि गठन भएको समतिमा निर्देशिका वमोजिम महिला सहभागिता छ ? | ०-१ | १ |
| ख | दलित वर्ग उत्थानको लागि गठन भएको समतिमा निर्देशिका वमोजिम महिला सहभागिता छ ? | ०-१ | १ |
| ग | आदिवासी, जनजाती र दलित वर्ग उत्थानका विकासका लागि गठन भएको समितिको पदाधिकारीहरु, लक्षित समुहहरुको कार्यक्रम तर्जूमा, कार्यान्वयन र अनुगमन कार्यमा सक्रिय भुमिका रहेको छ? | ०-१ | ०.५ |
| घ | के जिल्लामा महिला समन्वय समिति गठन भई जिल्लामा महिलाहरुको विकासको लागि तय गरेको कार्यक्रम र वजेटको उपयोगीताको वारेमा अनुगमन गर्ने कार्यमा सक्रिय भुमिका रहेको छ ? | ०-१ | .१ |
| ५.२ | वित्त तथालेखा व्यवस्थापन | ४ | ३ |
| क | महिला विकासको लागि छुट्टै कोषको व्यवस्था गरिएको छ ? | ०-१ | १ |
| ख | आदिवासी, जनजाती,दलित अन्य लक्षित समुहका महिलाहरुको विकासको लागि वजेटको व्यवस्था भएको छ ?उनीहरुको आवस्यकता अनुसार कार्यक्रमको तर्जूमा गरिएको छ ? | ०-१ | १ |
| ग | लैससास डेस्कको लागि वजेटको व्यवस्था गरिएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | ०-१ | ० |

| | | | |
|---|---|---|---|
| घ | कम्प्युटरकृत लेखा प्रणाली व्यवस्थापन गरिएको छ ? | ०-१ | १ |
| ५.३ | स्थानिय निकायमा गठित समिति | ४ | १.५ |
| क | के जि.वि.स अर्न्तगत लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण कार्यान्वयन समिति गठन गरि सक्रिय रुपमा संचालनमा छ ? | ०-१ | ० |
| ख | जिल्ला स्रोत अनुमान समिति, सामाजिक परिचालन समिति, गाऊँ विकास समिति, एकिकृत योजना तर्जूमा समिति, नगरपालिका एकिकृत योजना तर्जूमा समिति, वडा नागरिक मन्चहरुमा महिला वालवालिका तथा अन्य सवै लक्षित समुदायको सक्रिय सहभागिता छ ? | ०-१ | ०.५ |
| ग | महिला समन्वय समिति,आदिवासी , जनजाती जिल्ला समन्वय समिति, दलित वर्ग उत्थान जिल्ला समन्वय समिति, वाल क्लव, पिछडा वर्ग जिल्ला समन्वय समितिको गठन गरी स्थानीय निकायको योजना प्रकृयामा यस्ता समितिको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ ? | ०-१ | ०.५ |
| घ | स्थानिय निकायहरुको कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रकृयामा यी समतिहरुवाट सहभागिता हुन सक्ने गरि सुनिश्चित गरिएको छ ? | ०-१ | ०.५ |
| ६ | सुशासन | १२ | ९ |
| ६.१ | पारदर्शिता/जवाफदेहिता | ४ | ३.५ |
| क | के स्थानिय निकायले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सूनुवाई गर्ने गर्दछ ? | ०-१ | १ |
| ख | के महिला, बालबालिका आदिवासी जनजाती,मधेशि मुश्लिम पिछडा वर्ग, दलित अपांगता भएका व्यक्तिहरु, जेष्ठ नागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा वजेट सार्वजनिक हुने गरेको छ ? | ०-१ | १ |
| ग | स्थानिय निकायको समिक्षा वैठकमा महिला, बालबालिका सवै जातजातिका विपन्न वर्ग ( आदिवासी जनजाती,मधेशि मुश्लिम पिछडा वर्ग, दलित अपांगता भएका व्यक्तिहरु, जेष्ठ नागरिक लगायतलाई लक्षित गरेर कार्यक्रम माथि छलफल गर्ने गरेको छ ? | ०-१ | १ |
| घ | के स्थानिय निकायले महिला, बालबालिका सवै जातजातिका विपन्न वर्ग (आदिवासी जनजाती,मधेशि मुश्लिम पिछडा वर्ग, दलित अपांगता भएका व्यक्तिहरु, जेष्ठ नागरिक लगायतका सेवा सुविधाहरु छिटो छरितो ढंगवाट दिने गरेको छ ? | ०-१ | ०.५ |
| ६.२ | सुचना व्यवस्थापन | ४ | २.५ |
| क | के स्थानिय निकायले सुचना तथा अभिलेख केन्द्रमा रहेको खण्डिकृत तथ्यांक र सुचनालाई आधार मानि जिल्ला विकास योजना तर्जूमा गर्ने गरेको छ ? | ०-१ | ०.५ |
| ख | के स्थानिय निकायको सुचना तथा अभिलेख केन्दको विकासको लागि वजेटको व्यवस्था गरेको छ ? | ०-१ | ०.५ |
| ग | के स्थानिय निकायले आआफेनो क्षेत्राको पन्जिकरणको तथ्यांक अध्यावधिक गर्ने गरेको छ ? | ०-१ | १ |
| घ | के स्थानिय निकायमा खण्किृत तथ्यांकलाई कम्प्युटरकृत गरिएको छ ? | ०-१ | ०.५ |
| ६.३ | सुचना शिक्षा र सन्चार | ४ | ३ |
| क | के स्थानिय निकायले स्थानिय रेडियो, एफ एम, र छापा माध्ययम द्वारा सुचना प्रवाह गरि जनतालाई सुसुचित गर्ने गरेको छ ? | ०-१ | १ |
| ख | के स्थानिय स्तरमा महिला, बालबालिका सवै जातजातिका विपन्न वर्ग (आदिवासी जनजाती,मधेशि मुश्लिम पिछडा वर्ग, दलित अपांगता भएका व्यक्तिहरु, जेष्ठ नागरिक लगाएत अन्य लक्षित समुहहरुको सुचना शिक्षा र संचारको कार्यक्रमको प्रवाह वाट यी वर्गहरुको जनचेतनामा वृद्धि भएको छ , | ०-१ | ०.५ |
| ग | के स्थानिय स्तरमा महिला, बालबालिका सवै जातजातिका विपन्न वर्ग (आदिवासी जनजाती,मधेशि मुश्लिम पिछडा वर्ग, दलित अपांगता भएका व्यक्तिहरु, जेष्ठ नागरिक लगाएत अन्य लक्षित समुहहरुको सुचना शिक्षा र संचारको कार्यक्रमको प्रवाह वाट यी वर्गहरुको जनचेतनामा अभिवृद्धि भइ यी वर्गहरुको स्थानिय निकायको विकास कार्यहरुमा सहभागिता वृद्धि भएको छ ? | ०-१ | ०.५ |
| घ | के स्थानिय निकायले स्थानिय पत्रकारहरुद्धारा स्थानिय स्तरमा सुचना प्रवाह गर्ने गर्दछ ? | ०-१ | १ |
| ७ | मानव संसाधन सम्वन्ध र विस्तार | १२ | ६ |
| ७.१ | मानव संसाधन व्यवस्थापन | ४ | २.५ |
| क | स्थानिय निकायमा लैंगिक तथा समाजिक समावेशी सम्वन्धि तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेस्ट मानवीय स्रोत छन् ? | ०-१ | ०.५ |
| ख | स्थानिय निकायमा मानव संसाधन विकास केन्द्र र इकाई छ ? | ०-१ | १ |

| | | | |
|---|---|---|---|
| ग | स्थानिय निकायले वैदेशिक रोजगारिमा जाने महिलाहरुको क्षमता विकासको लागि कार्यक्रम तय गरि कार्यान्वयन गर्ने गरेको छन् , | ०-१ | ०.५ |
| घ | श्रोत व्यक्ति( महिला, पूरुष) हरुको सूचिकृत अभिलेख छ ? | ०-१ | ०.५ |
| ७.२ | सम्वन्ध विस्तार | ४ | १.५ |
| क | लैङ्गिक तथा समावेसी विकासको लागि विभिन्न कार्यलयहरु विच कार्यगत संयन्त्र(सन्जाल) वनेको छ | ०-१ | ० |
| ख | लैङ्गिक तथा समावेसी विकासको लागि विभिन्न कार्यलयहरु बीच कार्यगत छलफल गरि यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्यहुने गरेको छ ? | ०-१ | ०.५ |
| ग | लैङ्गिक तथा समावेसी विकासको लागि विभिन्न कार्यालयहरु बीच कार्यगत संयन्त्र( सन्जाल)का प्रतिनीधिहरुलाई लैङ्गिक तथा समावेसी विकास सम्वन्धि क्षमता विकास तालिमहरु प्रदान गर्ने गरेको छ ? | ०-१ | ०.५ |
| घ | स्थानिय निकायका कर्मचारिहरुले आन्तरिक र वाह्य स्रोतव्यक्तिहर संग मिलेर लैङ्गिक तथा सामाजिक प्रभाव सम्वन्धि अध्ययन गर्ने गरेको छन्? | ०-१ | ०.५ |
| ७.३ | व्यवहारिक र रणनितिक आवस्यकता परिपुर्ति | ४ | २ |
| क | योजना तर्जुमा गर्दा महिलाहरुको व्यवहारिक र रणनितिक आवस्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भएको छ ? | ०-१ | ०.५ |
| ख | ग्रमिण महिला प्रविधिकहरु(पशु सेवा, कृषि, स्वास्थ्य र पुर्वाधार सम्वन्धि प्रविधिक तयार गर्ने गरेको छ ? | ०-१ | ० |
| ग | लैङ्गिक मुलप्रवाहिकरणका लागि जिल्लाका अल्पकालिन,(वार्षिक) र दीर्घकालिन( वहुवार्षिक)योजना तयार गरिएको छ ? | ०-१ | ०.५ |
| घ | स्थानिय निकायमा महिलाहरुको सहभागिता वढाउन केहि प्रावधानको व्यवस्था तथा पूर्व तयारी कक्षाका लागि तालिमको व्यवस्था गरेको छ ? | ०-१ | १ |
| ८ | नेपाल सरकारका लैङ्गिक तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता | १२ | ७.५ |
| ८.१ | नेपाल सरकारका लैङ्गिक तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयन | ४ | २ |
| क | सहस्राव्दी विकासका लक्ष्यहरु प्राप्त गर्नेकार्यक्रमहरु र सो अनुसारको वजेट विनियोजन गरेको छ ? | ०-१ | ०.५ |
| ख | सहस्राव्दी विकासका लक्ष्यहरु प्राप्त गर्नेकार्यक्रमहरु र सो अनुसारको वजेट विनियोजन गरी कार्यक्रमहरु समयमै सम्पन्न गरेको छ ? | ०-१ | ०.५ |
| ग | महिला विकासका लागि भएका बेइजिङ घोषणा पत्रका १२ वटा प्रतिवद्धताहरुका बारेमा स्थानिय निकायका पदाधिकारी वा कर्मचारीहरुलाई जानकारी छ ? सो को लागि अभिमुखिकरण गरिएको छ? | ०-१ | ०.५ |
| घ | महिला विकासका लागि भएका बेइजिङ घोषणा पत्रका १२ वटा प्रतिवद्धताहरुको क्षेत्रमा कार्यक्रम तय गरि कार्यान्वयन गर्ने गरेको छ ? | ०-१ | ०.५ |
| ८.२ | महिला विरुद्ध हुने सवै खाले हिंसा निमूल पार्ने | ४ | ३ |
| क | महिला विरुद्ध हुने सवै खाले हिंसा निमूल गर्ने कार्यक्रमहरु र सो अनुसारको वजेट विनियोजन गरि कार्यक्रम समयमै सम्पन्न गरेको छ ? | ०-१ | १ |
| ख | लैङ्गिक हिंसा रहित जिल्ला /नगरपालिका/ गा.वि.स को घोषणको पहल गरेको छ? | ०-१ | ०.५ |
| ग | १६ दिने महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रम स्थानिय निकायहरुसन्चालन गर्ने गरेको छ ? | ०-१ | १ |
| घ | महिला हिंसा विरुद्ध सुन्य सहिष्णुता अपनाएको छ ? | ०-१ | ०.५ |
| ८.३ | नेपाल सरकारको सामाजिक समावेशीका विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयन | ४ | २.५ |
| क | संयुक्त राष्ट्रसङ्घीय वाल अधिकार महासन्धि १९९८मा गरिएको प्रतिवद्धता कार्यान्वयन गर्न कार्यक्रमहरुमा रकम विनियोजन गरि कार्यक्रमहरु समयमै सम्पन्न गरेको छ ? | ०-१ | १ |
| ख | के स्थानिय निकायवाट समाजमा रहेको विभिन्न जातिगत छुवाछुत सम्वन्धि सामाजिक कुरिती हटाउन कार्यक्रमहरु सन्चालन गर्ने गरेको छ? | ०-१ | ०.५ |
| ग | के स्थानिय निकायवाट आदिवासी जनजाातिहरुको विकासको लागि कार्यक्रमहरु यी वर्गहरुकोसहभागितामा सन्चालन गर्ने गरेको छ ? | ०-१ | १ |
| घ | महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघिय सुरक्षा परिषदवाट पारित प्रस्ताव नंम्बर | ०-१ | ० |

| | | | |
|---|---|---|---|
| | १३२५ र १८२० को कार्यान्वयन राष्टिय कार्ययोजनामा स्थानिय निकायको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरुमा रकम वियिोजन गरेको छ ? | | |

### ६. माकुरी जालो(लैउ तथा सास वजेट परिक्षण वाट प्राप्तंक सहित)




### ७. सवल पक्ष र सुधार गर्नु पर्ने पक्षहरु

### १.स्थानिय निकाएको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास

| सवल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|
| तयारी हुदैगरेको आवधिक र वार्षिक योजनामा लैङ्गिक तथा सामाजिक समावेशी संवन्धि स्पष्ट नीति तर्जुमा भएको छ । | महिला पूरुषको असमानता हटाउने कार्यनीति तयार नहनू । |
| लैङ्गिक विकास हेर्ने इकाईको स्थापना र जनशक्तिको व्यवस्था छ । | कार्यालयमा हुन सक्ने महिला हिंसा नियन्त्रणको लागि आचार सहिंता वनाएको छैन । |
| महिला कर्मचारिको विशेष अवस्थाहरु(सुत्केरी, गर्भवति, सौचालय छुट्टै) मा सम्वेदनशिल कार्यप्रणाली छ । | महिला र पूरुष कर्मचारिहरुको संख्यामा समानता छैन ।(स्थानिय निकायले नियूक्ति गर्दाको हकमा मात्र लागू हूने ) |

**२.स्थानिय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायि तथा समाजिक समावेसी कार्यक्रमको मुलप्रवाहिकरण**

| सवल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|
| सवै उपभोक्ता समितिहरुमा कम्तिमा ३३ प्रतिसत महिला सहभागिता छ र गठन प्रकृया समावेशी छ , | सवै उपभोक्ता समितिका सदस्यहरुलाई तालिम, अनुशिक्षण, गोष्ठि सन्चालन गर्न प्रयाप्त रकमको व्यवस्था मा अफ्र कमि देखिन्छ ।, |
| महिला तथा लक्षित समुहका पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लगि निर्दिष्ट कार्यक्रमहरु( , क्षमता विकास तालिमहरु, छन् । | तालिममा महिला र पूरुषको समान सहभागिताको सुनिश्चितता अभ्यासमा छैन । भ्रमण तथा प्रविधिक तालमिको ब्याबस्था नभएको । |
| स्थानिय निकायका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी वजेट निर्माण एव्म परिक्षण नियमित रुपमा गर्ने योजना गरिएको छ । | क्षमता विकास कार्यक्रम, बजेटको बाँडफाँड तथा प्राथामिकिरण र स्थान छनौटका लागि छलफल गर्ने प्रकृयामा महिला र पूरुष सरोकारवालाहरुलाई समान रुपमा सहभागि गराइएको छैन । |

**३.लक्षित कार्यक्रम**

| सवल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|
| स्थानिय निकायको योजना समुदाय स्तरका आधारभूत केहि सुचना/ तथ्यांक संकलन को थालनि भएको | योजना तयार गर्दा लक्षित वगर्को उल्लेख्य सहभगिता नहुनू । सम्पन्नतातरिकरण नगरिएको । |
| महिलाहरुको शिक्षा , कानुनी शिक्षा - जि शि का संग सममन्वय गरिएको ) साथै स्वास्थ्य सुधार सम्वन्धि विशेष कार्यक्रहरु केहि सन्चालित भएका छन् । | कानुनी शिक्षा सम्बन्धी विषेश कार्यक्रम संचालन भएका छैनन् । |
| महिलाहरुको लागि प्रतक्ष्य लाभ हुने महिला स्वरोजगारमुलक आयमुलक तथा सीपमुलक तालिमहरुको व्यवस्था गरिएको छ । स्थानिय निकायको योजना कार्यान्वयन वाट महिला र अन्य लक्षित समुहहरु लाभान्वित भएका छन् । | तालिम पश्चात भएका उपलब्धिहरुको दिगोपनको रणनीति तथा प्रभावको मापन गर्ने प्रभावकार अनूगमन प्रणली नहूनू । |

**४. लैङ्गिक तथा सामाजिक समावेशी विकास योजना तर्जूमा, कार्यान्वयन, अनुगमन र मुल्यांकन**

| सवल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|
| स्थानिय निकायले आफ्नो क्षेत्रका समुदाय स्तरका अधारभुत केहि सुचना/ तथ्यांक संकलन गरेको गरी | योजना तर्जूमा गर्दा महिला र पूरुष एवम् लक्षित समुहहरुको छुट्टा छुट्टै अवस्था विश्लेषण र आवस्यकता पहिचान गर्ने गरिएको छैन साथै योजनाको प्राथमिकिकरणको लागि लैससास उत्तरदायि वजेट तर्जूमा औजार प्रयोग गर्ने गरेको छैन र खण्डिकृत ( लैङ्गिक तथा सामाजिक) तथ्यांकको समय समयमा अध्यावधिक को कमि देखिन्छ । |
| कार्यक्रम तथा परियोजना कार्यन्वयन गर्दा सम्वन्धित समुदायका महिला तथा पूरुष वर्गहरुको सक्रिय सहभागितामा गर्ने गरिएको छ । | स्थानिय निकायले अनुगमन मुल्यांकन गर्दा लैङ्गिक विकासका कार्यक्रमहरुको सन्चालन वाट महिला र पूरुष तथा विभिन्न जातजातिलाई पूगेको लाभ, असर र प्रभावको विश्लेषण गर्ने गरेको छैन । |
| आदिवासी जनजाती र दलित वर्ग उत्थानको लागि गठन भएको समतिमा निर्देशिका वमोजिम महिला सहभागिता छ | अनुगमन साथै समितिमा महिलाको सहभागिता न्युन छ अनुगमन तथा मुल्यांक वाट सिकेका सिकाईहरुका आधारमा कार्यक्रम वा योजना तयार नगरिएको । |

**५. आन्तरिक संरचना**

| सवल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|
| दलित,आदिवासी जनजाती वर्गको उत्थानको लागि गठित समितिहरुमा महिला सहभागिता निर्देशिका वमोजीम छ । | आदिवासी, जनजाती र दलित वर्ग उत्थानका विकासका लागि गठन भएको समितिको पदाधिकारीहरुको, लक्षित समुहहरुको कार्यक्रम तर्जूमा, कार्यान्वयन र अनुगमन कार्यमा सक्रिय भुमिका मा कमि देखिन्छ । |
| महिला विकासको लागि छुट्टै कोषको व्यवस्था गरिएका छ । | स्थानिय निकायहरुको कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रकृयामा यी समितिहरु (महिला समन्वय समिति,आदिवासी , जनजाती जिल्ला समन्वय समिति, दलित वर्ग उत्थान जिल्ला समन्वय समिति, वाल क्लव, पिछडा वर्ग जिल्ला समन्वय समिति) हरुवाट सहभागिता हुन सक्ने गरि सहभागिताको सुनिश्चित गरिएको देखिदैन ।<br>लैससास डेस्कको स्थापना भएता पनि उक्त डेस्कको लागि वजेटको व्यवस्था गरिएको छैन । |
| चुस्त दुरुस्त लेखा प्रणालीको व्यवस्था गरिएको छ । | जि.वि.स अर्न्तगत लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण कार्यान्वयन समिति गठन गरि सक्रिय रुपमा संचालनमा छैन । |

**६.सुशासन**

| सवल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|
| स्थानिय निकायले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सूनूवाई गर्ने गर्दछ । | स्थानिय निकायले महिला, बालबालिका सवै जातजातिका विपन्न वर्ग (आदिवासी जनजाती,मधेशि मुश्लिम पिछडा वर्ग, दलित अपांगता भएका व्यक्तिहरु, जेष्ठ नागरिक लगायतका सेवा सुविधाहरु छिटो छरितो ढंगवाट पाउन नसकेकने । |
| स्थानिय निकायले सुचना तथा अभिलेख केन्द्रमा रहेको तथ्यांक र सुचनालाई आधार मानि जिल्ला विकास योजना तर्जूमा गर्ने गरेको छ । | स्थानिय निकायको सुचना तथा अभिलेख केन्दको विकासको लागि प्रयाप्त वजेटको व्यवस्था नर्गनू साथै स्थानिय निकायले नियमित रुपमा कार्यक्रमको प्रभावको अनुगमन गरि सम्वन्धित निकायलाई जिम्मेवारी र उत्तरदायि वनाउन उल्लेख्य पहल गरेको छैन । |
| स्थानिय निकायले स्थानिय रेडियो, एफ एम, र छापा माध्ययम द्धारा सुचना प्रवाह गरि जनतालाई सुसुचित गर्ने गरेको छ । | स्थानिय स्तरमा महिला, बालबालिका सवै जातजातिका विपन्न वर्ग (आदिवासी जनजाती,मधेशि मुश्लिम पिछडा वर्ग, दलित अपांगता भएका व्यक्तिहरु, जेष्ठ नागरिक लगाएत अन्य लक्षित समुहहरुको सुचना शिक्षा र संचारको कार्यक्रमको प्रवाह वाट यी वर्गहरुको जनचेतनामा उल्लेख्य अभिवृद्धि हुन सकेको छैन स्थानिय निकायको विकास कार्यहरुमा सहभागिता वृद्धि भएको छैन । |

**७. मानव संसाधन सम्वन्ध र विस्तार**

| सवल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|
| मानव संसाधन विकास केन्द्र र इकाइ को स्थापना छ । | श्रोत व्यक्ति( महिला, पूरुष) हरुको सुँचिकृत अभिलेख तयार नै गरिएको छैन ।र<br>स्थानिय निकायका कर्मचारिहरुले आन्तरिक र वाह्य स्रोतव्यक्तिहरु संग मिलेर लैङ्गिक तथा सामाजिक प्रभाव सम्वन्धि अध्ययन नै गर्ने गरेको छैन । |
| लोकसेवा आयोगको परिक्षाको लागि पूर्व तयारी कक्षा | ग्रमिण महिला प्रविधिकहरु(पशु सेवा, कृषि, स्वास्थ्य र |

| | |
|---|---|
| सन्चालन भएका छन् । | पुर्वाधार सम्वन्धि प्रविधिक उल्लेख्य रुपमा तयार गर्ने गरेको छैन । |
| लैङ्गिक तथा समावेसी विकासको लागि विभिन्न कार्यालयहरु बीच कार्यगत संयन्त्र(सन्जाल)का प्रतिनीधिहरुलाई लैङ्गिक तथा समावेसी विकास सम्वन्धि क्षमता विकास तालिमहरु प्रदान गर्ने गरेको छ । | लैङ्गिक तथा समावेसी विकासको लागि विभिन्न कार्यालयहरु बीच कार्यगत संयन्त्र(सन्जाल)का प्रतिनीधिहरुलाई विच समन्वय को पनि कमि देखिन्छ । लैङ्गिक मुलप्रवाहिकरणका लागि छुट्टै अल्पकालिन,( वार्षिक) र दीर्घकालिन( वहुवार्षिक)योजना तयार गरिएको छैन । |

## ८. नेपाल सरकारका लैङ्गिक तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता

| सवल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|
| सहस्राव्दि लक्ष्य प्राप्ती तर्फ कार्यक्रमहरु उन्मुख छन् । | महिला विकासका लागि भएका बेइजिङ घोषणा पत्रका १२ वटा प्रतिवद्धताहरुका बारेमा स्थानिय निकायका पदाधिकारी वा कर्मचारीहरुलाई प्रयाप्त मात्रामा अभिमुखिकरण गरिएको छैन । |
| समाजमा रहेको विभिन्न जातिगत छुवाछुत सम्वन्धि सामाजिक कुरिती हटाउन कार्यक्रमहरु सन्चालन गर्ने गरेको छ । | महिला विरुद्ध हुने सवै खाले हिंसा पहिचान र निमूल गर्ने योजना निर्माण, कार्यान्वयन तथा अनुगमन हुन सकेको छैन । |
| स्थानिय निकायवाट समाजमा रहेको विभिन्न जातिगत छुवाछुत सम्वन्धि सामाजिक कुरिती हटाउन कार्यक्रमहरु सन्चालन भएको । | महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघिय सुरक्षा परिषदवाट पारित प्रस्ताव नंम्बर १३२५ र १८२० को उल्लेख्य योजना निर्माण तथा कार्यान्वयन नभएको । |

## ७.लैङ्गिक उत्तरदायि तथा सामाजिक समावेशी परिक्षणवाट आएको निश्कर्ष

- लैङ्गिक उत्तरदायि तथा सामाजिक समावेशी परिक्षणवाट जिल्ला परिषद पूर्व गर्न आवस्यक छ ,जसले गर्दा परिक्षण वाट प्राप्त नतिजालाई आधार मानेर आगामी योजना निर्माण गर्न प्रभावकारी हून सक्छ यो अभ्यासमा लग्न जरुरी देदिन्छ ।
- स्थानिय निकाएको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास समावेश भएको छ अझै पनि व्यवहारिक रुपमा महिला पुरुषबिच विभेद अन्त्य गर्न कार्य नीति तथा आचारसहिंता तयार गरि कार्यान्वयन गर्नू पर्ने देखिन्छ ।
- लक्षित वर्गको आवस्यकता अनुसार सवै योजनाका उपभोक्ताहरुलाई तालिम दिनु आवस्यक देखिएको छ । जसले योजनाको प्रभावकारी कार्यान्वयनका साथै प्रभावकारी उपलब्धि ल्याउन मद्धत गर्दछ ।
- जिल्ला विकास समितिका सम्पूर्ण पदाधिकारी, कर्मचारी र महिला जिल्ला समन्वय समितिका सदस्यहरुलाई लैगिंक मुल प्रवाहीकरण सामाजिक समावेशीकरण सम्वन्धि तालिम अफ्र दिनु पर्ने आवस्यकता महसुसीकरण भएको छ । यो तालिमले साझा बुझाई निर्माण गर्नुको साथै लैगिंक मैत्रि तथा सामाजिक समावेशि सम्वेदनशिल बनाउन सहयोग पुर्याउदछ ।
- जिल्लामा कार्यरत अन्य सरकारी तथा गैर सरकारी निकायहरुसंग समन्वय र सहकार्य गरी महिला क्षेत्रमा गरिएका लागानी , त्यसको असर र प्रभावको अध्ययन तथा विश्लेषणको लागि नेतृत्वदायि भुमिका निर्वाह गर्न साथै एकिकृत कार्ययोजना निर्माण, कार्यान्वयन अनुगमनको संयन्त्र तयार गर्नू पर्ने देखियो ।
- लैङ्गिक तथा समाजिक समावेसी विकासको लागि विभिन्न कार्यलयहरु विच कार्यगत संयन्त्र वनाईसमन्वय सम्बन्धविस्तर गर्नूपर्ने जरुरी देखिन्छ ।
- जिविसमा रहेको सुचना तथा अभिलेख केन्द्र र मानव संसाधन विकास केन्द्र लाई प्रभावकारी वनाउन आवश्यक बजेट को व्यावस्था गरि चूस्त दूरुस्त बनाउनूपर्ने देखिन्छ ।

## ८ . कार्ययोजना

| | | | | |
|---|---|---|---|---|
| १.स्थानिय निकाएको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास | | | | |
| उद्देश्य | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
| विभेदको न्यूनिकरण गरि सेव प्रदायक र सेवाग्रहिलाई संवेदनशिल वनाउने | महिला पुरुषबिच विभेद अन्त्य तथा महिला हिंसा कम गर्न नीति, रणनिति तथा आचारसहिंता निर्माण | २०७२ माघ सम्म | | मनव संसाधन इकाई |
| | स्थानिय निकायले कर्मचारि नियुक्ति गर्दा महिला र पूरुष कर्मचारिहरुको संख्यामा समानता गर्ने । | नियुक्ति को वेलामा | | जिविस र पदपूर्ति समिति |
| २.स्थानिय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायि तथा समाजिक समावेसी कार्यक्रमको मुलप्रवाहिकरण | | | | |
| तालिममा महिला र पूरुषको समान सहभागिताको सुनिश्चितता गराई क्षमता विकास गर्ने | सवै कर्मचारि तथा पदाधिकारीहरुको लागि लैङ्गिक मुलप्रवाहिकरण तथा सामाजिक समावेसीकरण तालिम प्रदान गर्ने | २०७२ चैत्र सम्ममा | | जिविस र मानव संसादन शाखा |
| | सवै उपभोक्ता समितिका सदस्यहरुलाई तलिम, अनुशिक्षण, गोष्ठि सन्चालन गर्न प्रयाप्त रकमको व्यवस्थ गर्नू पर्ने | २०७३ माघ, फागून सम्म | | जिविस र परिषद |
| ३. लक्षित कार्यक्रम | | | | |
| लक्षित वर्गहरुको जिविकोपर्जनमा सूधार ल्याउने | महिलाहरुको लागि प्रतक्ष्य लाभ हुने महिला स्वरोजगारमुलक आयमुलक तथा सीपमुलक तथा प्रविधिकध तालिमहरु सन्चालन | २०७२- ०७३ भित्र | | जिविस,महिला समन्वयसमिति , |
| ४ लैङ्गिक तथा सामाजिक समावेशी विकास योजना तर्जूमा, कार्यान्वयन, अनुगमन र मुल्यांकन | | | | |
| योजना निर्माण, कार्यान्वयन, तथा अनुगमनमा लक्ष्यित वर्गको सहभागिता सुनिश्चित गर्ने उनिहरुको हरुको जिवन स्तर र हैसियत मा परिवर्तन गर्न | योजना तर्जूमाको लागि महिला र पूरुष एवम् लक्षित समुहहरुको छुट्टा छुट्टै अवस्था विश्लेषण र आवस्यकता पहिचानको लागि खण्डिकृत तथ्यांकको अध्यावधिक गर्ने र तथ्यांकमा आधारी योजना निर्माणगर्ने । | | | जिविस, सूचना शाखा ,मावसंसाधन ईकाई |
| लाभ, असर र प्रभावको अध्ययन तथा विश्लेषण गर्ने | लैङ्गिक विकासका कार्यक्रमहरुको सन्चालन वाट महिला र पूरुष तथा विभिन्न जातजातिलाई पूगेको लाभ, असर र प्रभावको अध्ययन तथा विश्लेषण | ऋाब २०७२ -०७३ | | जिविस,सूचना साखा |
| अनुगमन तथा | अनुगमन समितिमा महिला | ,, | | जिविस,सूचना साखा |

| | | | | |
|---|---|---|---|---|
| मुल्यांकन समितिमा महिला सहभागिता सुनिश्चित गर्ने र अनुगमन तथा मुल्यांकन प्रभावकारी वनाउने | सदस्यको छनौट र नियमित अनूगमन पद्धतिको तय गर्ने । | | | |
| ५. आन्तरिक संरचना | | | | |
| जिविसका विभिन्न संरचनाहरुलाई सक्रिय र सवल वनाउने | आदिवासी, जनजाती र दलित वर्ग उत्थानका विकासका लागि गठन भएको समितिको पदाधिकारीहरु अनुगमन समिति सदस्यको रुपमा छनोट गर्ने र सकृय वनाउने | ,, | | जिविस मानव संसाधन सामाजिक विकाश शाखा |
| | महिला विकास कोषको उपयोगीता र प्रभावको विश्लेषण गर्ने<br><br>जि.वि.स अर्न्तगत लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण कार्यान्वयन समिति गठन गर्ने | २०७२ भाद्र | | |
| ६.सुशासन | | | | |
| लक्षित वर्गको सहभागिता सुनिश्चत गर्न रकार्यमा हजता ल्याउन सेवा प्रदायकलाई संवेदन सिल वनाउने । | गा.वि.स सचिव, सामजिक परिचालक, समन्वय समितिका सदस्यहरु तथा राजनैतिक दलका प्रतिनीधिहरु र्कमचारीहरुलाई लैससास र लैगिंक मुलप्रवाहीकरण सामाजिक समावेसी सम्वन्धि अभिमुखिकरण<br><br>महिला, बालबालिका सवै जातजातिका विपन्न वर्ग लाई स्थानिय स्तरमा सचेतना कानुनि शिक्षा<br><br>सुचना तथा अभिलेख केन्द्रको अगूवाईमा खण्डिकृत तथ्यांक संकलन | २०७२ -२०७३ आव | | जिविस सामाजिक शाखा |
| ७. मानव संसाधन सम्वन्ध र विस्तार | | | | |
| लगानी र त्यसको प्रभावको लेखाजोखा गर्ने | लैङ्गिक तथा सामाजिक प्रभाव सम्वन्धि अध्ययन | | | |
| लैङ्गिक मुलप्रवाहिकरण तथा सामाजिक | लैङ्गिक मुलप्रवाहिकरणका लागि छुट्टै अल्पकालिन,( वार्षिक) र दीर्घकालिन( | | | |

| | | | | |
|---|---|---|---|---|
| समावेशिकरणको नीतिलाई अवलम्वन गर्ने<br><br>मानव संसाधन सम्वन्ध र विस्तार मे विकास गर्ने । | वहुवार्षिक)योजना तयार गर्ने श्रोत व्यक्ति( महिला, पूरुष) हरुको सुचिकृत अभिलेख तयार गर्ने ।<br><br>लैङ्गिक तथा समावेसी विकासको लागि विभिन्न कार्यलयहरु विच कार्यगत संयन्त्र(सन्जाल) वनाउन सहयो र संयन्त्रको क्षमता विकास गर्ने | | | |
| ८. नेपाल सरकारका लैङ्गिक तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता | | | | |
| अन्तराष्टिय दस्तावेजहरुको वारेमा जानकारी प्रदान सेवा प्रदायकलाई | महिला विकासका लागि भएका बेइजिङ घोषणा पत्रका १२ वटा प्रतिवद्धताहरुका बारेमा स्थानिय निकायका पदाधिकारी वा कर्मचारीहरुलाई अभिमुखिकरण गर्ने<br>संयुक्त राष्ट्रसंघिय सुरक्षा परिषदवाट पारित प्रस्ताव नंम्बर १३२५ र १८२० को कार्यान्वयन राष्टिय कार्ययोजनामावारे अभिमूखिकरण गराउनेजिविस कर्मचारी र पदाधिकारहिरुलाई | श्राब २०७२ -२०७३ | | जिविस मानव संसाधन विकास ईकाई |

अनूसुचि १

सहभागिहरु

| क स | नाम | कार्यलय तथा संस्था ,समिसत | पद |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अनूसुचि २

सन्दर्भ सामाग्रीहरु

- स्थानिय निकाय लैंगिक उत्तरदायि तथा सामाजिक समावेसि वजेट तर्जूमा एवं परिक्षण निर्देशिका
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जिल्ला स्तरिय प्रशिक्षण स्रोत पुस्तिका
- जिल्ला विकास योजना आ.व. २०६९/०७०आ.व. २०७०/०७१, तथा प्रतिवेदन
- जिल्ला विकास योजना आ.ब २०७१/२०७२
- आवधिक जिल्ला विकास योजना आ व २०६६/०६७ देखि २०७०/०७१
- चितवन उपत्यका दीर्घकालीन रणनीतिक विकास योजना २०६७
- चितवन विकास सन्देस २०७१

अनूसूचि ३

## लैंगिक उत्तरदायि तथा सामाजिक समावेसि वजेटपरीक्षण अबधिका केहि झलकहरु